ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ६** **संख्याः ४** **नगरसभाबाट पारित मितिः २०८०।०३।१०**

**प्रमाणिकरणः २०८०।०६।०४**

**प्रकाशन मितिः २०८०।०६।०५**

## भाग–१

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको सूचना !

ठाकुरबाबा नगरपालिकाको मिति २०८०।०३।१० गतेको नगरसभा बाट " **ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०८०" प्रकाशित भएको हुँदा** सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

## ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०८०

**प्रस्तावनाः** ठाकुरबाबा नगरपालिकाका भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको अध्ययन अनुसन्धान गरी संरक्षण एवम् संवर्द्धन गर्नका लागि ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न बाञ्छनीय भएकोले, ठाकुरबाबा नगरपालिकाको १३ औ नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठान"** भन्नाले दफा ३ बमोजिम स्थापना भएको ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।

(ख) **"ललितकला"** भन्नाले चित्रकला, मूर्तिकला, हस्तकला, शिल्पकला र वास्तुकला सम्झनु पर्छ ।

(ग) **"नाट्यकला"** भन्नाले नाटक, अभिनय र रङ्गकर्म सम्झनु पर्छ ।

(घ) **"सङ्गीत"** भन्नाले गायन, सङ्गीत, वादन र नृत्य सम्झनुपर्छ ।

(ङ) **"प्रज्ञासभा"** भन्नाले दफा ७ बमोजिमको प्रज्ञा सभा सम्झनु पर्छ ।

(च) **"प्रज्ञा परिषद्"** भन्नाले दफा ११ बमोजिमको प्रज्ञा परिषद् सम्झनु पर्छ ।

(छ) **"प्रमुख संरक्षक"** भन्नाले दफा १४ उपदफा १ बमोजिमको प्रमुख संरक्षक सम्झनु पर्छ ।

(ज) **"संरक्षक"** भन्नाले दफा १४ उपदफा २ बमोजिमको संरक्षक सम्झनु पर्छ ।

(झ) **"अध्यक्ष"** भन्नाले दफा १५ बमोजिम नियुक्त प्रज्ञा प्रतिष्ठानको अध्यक्षलाई सम्झनु पर्छ ।

(ञ) **"उपाध्यक्ष"** भन्नाले दफा १७ बमोजिम नियुक्त प्रज्ञा प्रतिष्ठानको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ट) **"पदाधिकारी"** भन्नाले अध्यक्ष, उपाध्यक्ष, प्रज्ञा सभाका सदस्य, सचिव र प्रज्ञा परिषद्का सदस्य सम्झनुपर्छ ।

(ठ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ

## परिच्छेद—२

## ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

### ३. ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानको स्थापनाः

ठाकुरबाबा नगरपालिका क्षेत्र भित्र भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको संरक्षण, संम्बर्द्धन र विकास गर्न ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठान स्थापना गरिने छ ।

### ४. कला, साहित्य, प्रतिष्ठान स्वशासित र संठित संस्था हुनेः

(१) प्रज्ञा प्रतिष्ठान अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको आफ्नो छुट्टै छाप र प्रतीक चिन्ह (लोगो) हुनेछ ।

(३) प्रज्ञा प्रतिष्ठानले प्रचलित कानून बमोजिम व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न सक्नेछ तर प्रज्ञा प्रतिष्ठानले अचल सम्पत्ति बेचबिखन गर्दा ठाकुरबाबा नगरपालिकाको स्वीकृती लिनु पर्नेछ ।

(४) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

**५. प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः**

**(१) प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) स्थानीय भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको संरक्षण, संवद्र्धन र विकास गर्ने,

(ख) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतसँग सम्बन्धित सामग्रीको सङ्कलन, अध्ययन, अनुसन्धान गरी कृति प्रकाशन गर्ने गराउने,

(ग) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतसम्बन्धी विविध विषयमा नगरस्तरीय, प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, साहित्य महोत्सव, मञ्चन, प्रदर्शनी तथा प्रतियोगिताको आयोजना गर्ने गराउने,

(घ) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयमा नगरस्तरयि प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग प्रचलित कानून बमोजिम सम्बन्ध कायम गरी पारस्परिक सहयोगको आदान प्रदान गर्ने,

(ङ) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयक जिल्ला, प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठीमा भाग लिने,

(च) महत्वपूर्ण कृतिको अनुवाद तथा प्रकाशन गर्ने, गराउने,

(छ) विभिन्न जातिका मौलिक संस्कृति र पहिचानको जगेर्ना गर्ने,

(ज) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका ग्रन्थ र सामग्री संग्रह गर्ने,

(झ) लोकसाहित्य, लोकसङ्गीत, लोकनृत्य जस्ता विधाका श्रव्यदृश्य सामग्रीको निर्माण, सङ्कलन, अध्ययन, अनुसन्धान गरी डिजिटल अभिलेख राख्ने,

(ञ) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धित विषयमा प्रतिभाको विकास गर्ने वातावरण सृजना गर्ने,

(ट) नगर क्षेत्रभित्र रहेका लोपोन्मुख भाषा, लिपि, साहित्य, कला र संस्कृतिको संरक्षण, संवद्र्धन र विकास गर्ने,

(ठ) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका मौलिकता र विशिष्टतालाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारप्रसार गर्ने ।

## परिच्छेद—३

## प्रज्ञा प्रतिष्ठानको संगठन संरचना

**६. ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानको संगठनः** ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठानको सङ्गठन संरचना देहायबमोजिम हुनेछः

(क) ठाकुरबाबा नगर प्रज्ञासभा र

(ख) ठाकुरबाबा नगर प्रज्ञा परिषद् ।

**७. प्रज्ञासभाः**

(१) प्रज्ञा सभा सर्वोच्च अंग हुनेछ ।

(२) प्रज्ञा सभाको गठन देहायबमोजिम हुनेछः

(क) प्रज्ञा प्रतिष्ठानको अध्यक्ष -अध्यक्ष

(ख) प्रज्ञा प्रतिष्ठानको अध्यक्ष -उपाध्यक्ष

(ग) प्रमुखले तोकेको कार्यपालिका सदस्य २ जना -सदस्य

(घ) सम्बन्धित विधाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट दुईजना महिला सहित ६ जना -सदस्य

(ङ) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(४) कुनै कारणले ठाकुरबाबा प्रज्ञासभाका मनोनित सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिका लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट सदस्यको मनोनयन गरिनेछ ।

(५) उपदफा (२) को खण्ड (ग) बमोजिम मनोनित सदस्यहरूले पारिश्रमिक पाउने छैनन् । निजहरूले पाउने बैठक भत्ता लगायतका अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

**८. सिफारिस समितिः**

(१) दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिमका ठाकुरबाबा प्रज्ञा सभाका सदस्य र प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरुको मनोनयन तथा नियुक्तिका लागि नगर प्रमुख समक्ष नाम सिफारिस गर्न देहायबमोजिमको एक सिफारिस समिति रहनेछः

(क) उपप्रमुख -संयोजक

(ख) प्रशासन शाखा प्रमुख -सदस्य

(ग) सम्बन्धित क्षेत्रमा विषय विज्ञबाट नगर प्रमुखले तोकेको एकजना -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, साहित्य, ललितकला, नाट्यकला, सङ्गीत, संस्कृति सम्बन्धी विधामा सृजना, अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्याति आर्जन गरेका व्यक्तिहरूमध्येबाट सम्भव भएसम्म सबै जाति तथा भाषाभाषीलाई समेट्ने गरी र उक्त सबै विधाबाट प्रतिनिधित्व हुने गरी नाम सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नसक्नेछ ।

ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०८०

**९. प्रज्ञा सभाको काम, कर्तव्य र अधिकारः**

(१) प्रज्ञासभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रज्ञा प्रतिष्ठानको नीति, योजना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) विद्वत् वृत्ति, सम्मान तथा पुरस्कारको अनुमोदन गर्ने,

(ग) परिषद्लाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने,

(घ) परिषद्का कामको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) प्रतिष्ठानको कामका निम्ति आवश्यकता अनुसार विभागहरूको गठन गर्ने,

(च) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धित विषयमा विशिष्ट योगदान पुऱ्याएका प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्ति वा संस्थालाई विद्वत वृत्ति, पुरस्कार तथा सम्मानको व्यवस्था गर्ने,

(छ) नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, प्रदेश प्रज्ञा प्रतिस्ठान, अन्य प्रज्ञा प्रतिष्ठान, भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतसँग सम्बन्धित संघ संस्थासँग आवश्यक सम्बन्ध र समन्वय कायम गर्ने,

(ज) दफा ५ मा उल्लेख भए बमोजिमका काम गर्ने,

(झ) तोकिएबमोजिमका अन्य काम गर्ने ।

**१०. प्रज्ञा सभाको बैठकः**

(१) सभाको बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ ।

(२) सभाको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सभाको बैठक हुनुभन्दा कम्तीमा सात दिनअगावै बैठकमा छलफल हुने विषयको कार्यसूचीसहितको सूचना सदस्य सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) अध्यक्षले सभाको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछ ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको बैठकको निर्णय सभाका सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) सभाले प्रज्ञा प्रतिष्ठानका प्रमुख संरक्षक, संरक्षक र आजीवन सदस्यलाई सभाको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) सभाको बैठकसम्बन्धी अन्य कार्यविधि सभा आँफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## ११. ठाकुरबाबा नगर प्रज्ञा परिषद्को गठनः

(१) ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठानको कार्यकारी निकायका रूपमा काम गर्न एक ठाकुरबाबा नगर प्रज्ञा परिषद् रहनेछ ।

(२) ठाकुरबाबा नगर प्रज्ञा परिषद्को गठन देहायबमोजिम हुनेछः

(क) प्रज्ञा प्रतिष्ठानको अध्यक्ष -अध्यक्ष

(ख) प्रज्ञा प्रतिष्ठानको उपाध्यक्ष -उपाध्यक्ष

(ग) प्रज्ञा सभाका सदस्यहरू मध्येबाट कम्तीमा एकजना महिला सहित प्रमुखले तोकेको दुईजना — सदस्य

(३) प्रज्ञा सभाको सदस्य सचिवले परिषद्को कार्यकारी निर्देशक रही कार्य गर्नेछ ।

(४) कुनै कारणले उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनित भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) परिषद्का पदाधिकारीहरूको नियुक्ति एउटै पदमा दुई कार्यकालभन्दा बढी हुनेछैन ।

## १२. ठाकुरबाबा प्रज्ञा परिषद्को काम, कर्तव्य र अधिकारः

(१) ठाकुरबाबा प्रज्ञा परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) ठाकुरबाबा प्रज्ञा सभाले गरेका निर्णय कार्यान्वयन गर्ने,

(ख) ठाकुरबाबा प्रज्ञा सभाले दिएका निर्देशन पालना गर्ने,

(ग) लेखापरीक्षणको प्रतिवेदन सभा समक्ष पेश गर्ने,

(घ) सदस्य सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने,

(ङ) ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानको सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने,

(च) ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

(छ) ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानका लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ज) पुस्तकालय, वाचनालय, सङ्ग्रहालय, ग्यालरी, रङ्गमञ्च र नाट्यशालाको स्थापना गर्ने,

(झ) विद्वत् वृत्ति, सम्मान, कदर, तथा पुरस्कार अनुमोदनका लागि सभामा पेश गर्ने,

(ञ) परिषद्को काम कारबाहीका सम्बन्धमा आवश्यकता अनुसार समिति, उपसमिति गठन गर्ने र त्यस्तो समिति, उपसमितिको काम, कर्तव्य र अधिकार तोक्ने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**१३. ठाकुरबाबा प्रज्ञा परिषद्को बैठकः**

(१) ठाकुरबाबा नगर प्रज्ञा परिषद्को बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौबिस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्य सूचीसहितको सूचना परिषद्को कार्यकारी निर्देशकले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) ठाकुरबाबा नगर प्रज्ञा परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) ठाकुरबाबा नगर प्रज्ञा परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) ठाकुरबाबा नगर प्रज्ञा परिषद्को बैठकको निर्णय परिषद्को सदस्य -सचिवले प्रमाणित गर्नेछ ।

(८) ठाकुरबाबा नगर प्रज्ञा परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद—४

## प्रमुख संरक्षक, संरक्षक, पदाधिकारी तथा कर्मचारी

**१४. प्रमुख संरक्षक र संरक्षकः**

(१) ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठानको प्रमुख संरक्षक नगर प्रमुख हुनेछन् ।

(२) ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठानको संरक्षक नगर उपप्रमुख हुनेछन् ।

**१५. प्रतिष्ठानको अध्यक्ष**

(१) ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठानमा एक जना अध्यक्ष रहनेछन् ।

(२) दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरू मध्येबाट नगर प्रमुखले प्रतिष्ठानको अध्यक्षको नियुक्ति गर्नेछन् ।

(३) ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानको प्रमुख पदाधिकारीको काम अध्यक्षले गर्नेछन।

**१६. अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) यस ऐनमा प्रज्ञा प्रतिष्ठानको अध्यक्षले गर्ने भनी तोकिए देखि बाहेक देहायका काम, कर्तव्य र अधिकार अध्यक्षले गर्नुपर्नेछः

(क) प्रज्ञासभा तथा प्रज्ञापरिषद्ले गरेका निर्णय कार्यान्वयन गर्ने गराउने,

ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०८०

(ख) प्रज्ञाप्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने,

(ग) प्रज्ञाप्रतिष्ठानको काम, कारबाही तथा कर्मचारी प्रशासनको सामान्य नियन्त्रण गर्ने,

(घ) प्रज्ञापरिषद्को स्वीकृति लिई प्रज्ञाप्रतिष्ठानका तर्फबाट करार गर्ने,

(ङ) स्वदेशी तथा विदेशी सङ्घ संस्था एवम् सङ्घ तथा अन्य प्रदेशका प्रज्ञा प्रतिष्ठानहरूसँग सम्बन्धित विषयमा प्रचलित कानून बमोजिम सम्बन्ध कायम गर्ने,

(च) प्रज्ञासभा तथा प्रज्ञा परिषद्ले समय समयमा दिएका निर्देशन कार्यान्वयन गर्ने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**१७. प्रतिष्ठानको उपाध्यक्ष**

(१) ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानमा एक जना उपाध्यक्ष रहनेछन ।

(२) दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरू मध्येबाट नगर उपप्रमुखले उपाध्यक्षको नियुक्ति गर्नेछन ।

**१८. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

यस ऐनमा प्रतिष्ठानको उपाध्यक्षले गर्ने भनि तोकिए देखि वाहेक देहायका काम, कर्तव्य र अधिकार अध्यक्षले गर्नुपर्नेछः-

(क) ठाकुरबाबा प्रज्ञा सभा तथा ठाकुरबाबा प्रज्ञा परिषद्ले गरेका निर्णय कार्यान्वयन गर्न प्रतिष्ठानको अध्यक्षलाई सहयोग गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

(ग) अध्यक्षको निर्देशनमा अन्य काम गर्ने ।

**१९. सदस्य -सचिव र कार्यकारी निर्देशकः**

ठाकुरबाबा प्रज्ञा सभाको सदस्य-सचिव तथा ठाकुरबाबा प्रज्ञा परिषद्को कार्यकारी निर्देशक काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२०. पदाधिकारीसम्बन्धी व्यवस्थाः**

(१) पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिएबमोजिम हुनेछ ।

**२१. पद रिक्त हुने अवस्थाः**

देहायका अवस्थामा पदाधिकारी र सभाका सदस्यको पद रिक्त भएको मानिनेछः

(क) पदावधि समाप्त भएमा,

(ख) राजीनामा दिएमा,

(ग) मानसिक सन्तुलन ठीक नभएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) दफा २२ बमोजिम पदबाट हटेमा,

(च) मृत्यु भएमा ।

**२२. पदबाट हटाउन सक्नेः**

(१) पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यले प्रमुख संरक्षक समक्ष लिखित निवेदन दिएमा कार्यपालिका सदस्यहरू मध्येबाट एक छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन नगरप्रमुख समक्ष पेश गर्नेछ र महानगर प्रमुखले त्यस्तो प्रतिवेदन छलफलका लागि सभा समक्ष राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा सभामा छलफल हुँदा सभाका बहुमत सदस्यबाट पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्यबमोजिम काम नगरेको वा आफ्नो पदअनुकूलको आचरण नगरेको वा इमान्दारितापूर्वक काम नगरेको वा निजमा कार्यदक्षताको अभाव भएको भनी निर्णय गरेमा प्रमुख संरक्षकले त्यस्तो पदाधिकारी वा सभाका सदस्यलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पदाधिकारी वा सभाका सदस्यलाई पदबाट हटाउनुअघि निजलाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

**२३. कर्मचारीः**

(१) प्रज्ञा प्रतिष्ठानमा आवश्यकताका आधारमा कर्मचारी रहन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको व्यवस्था ठाकुरबाबा नगरापालिकाले गर्नेछ ।

## परिच्छेद— ५

## कोष तथा लेखा नियन्त्रण

**२४. कोषः**

(१) ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठानको आफ्नो छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) ठाकुरबाबा नगरपालिकाबाट प्राप्त रकम,

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त सहयोग रकम,

ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठान २०८०

(ग) विदेशी सरकार वा संघसंस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम,

(घ) सङ्घ, संस्था वा व्यक्ति वा दानदातव्यबाट प्राप्त रकम,

(ङ) पुस्तक बिक्रीबाट प्राप्त रोयल्टी रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

तर, अन्य कुनै स्रोतबाट प्राप्त रकम (३) उपदफा (२) को खण्ड (ग) बमोजिम विदेशी सरकार, संघ संस्था वा व्यक्तिबाट सहयोग प्राप्त गर्नु अघि प्रज्ञाप्रतिष्ठानले नगरपालिका मार्फत् नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको रकम प्रज्ञा प्रतिष्ठानले तोकेको बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(५) ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

**२५. लेखा र लेखापरीक्षणः**

(१) ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठानको आयव्ययको लेखा ठाकुरबाबा नगरपालिकाले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको लेखाको लेखापरीक्षण ठाकुरबाबा नगरपालिकाको आन्तरिक लेखा परिक्षकबाट ।

## परिच्छेद- ६
## विविध

**२६. मानार्थ तथा आजीवन सदस्यताः**

(१) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला वा सङ्गीतको विकासमा विशिष्ट योगदान पऱ्याएका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा नगरपालिकाको गौरव बढाउने स्वदेशी वा विदेशी व्यक्तिलाई सभाले परिषद्को सिफारिसमा प्रज्ञा प्रतिष्ठानको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(२) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला वा सङ्गीत सम्बन्धी विषयमा विशिष्ट योगदान पुऱ्याउने नेपाली नागरिकलाई सभाले ठाकुरबाबा प्रज्ञाप्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम मानार्थ सदस्यता तथा आजीवन सदस्यता प्रदान गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

(४) ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्यले पारिश्रमिक पाउने छैनन् । निजहरूले पाउने बैठक भत्ता लगायतका अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(५) प्रज्ञा सभाले मानार्थ सदस्य र आजीवन सदस्यलाई तोकिएको अवस्थामा सदस्यताबाट हटाउन सक्नेछ ।

(६) यस दफा बमोजिमका मानार्थ सदस्य र आजीवन सदस्यलाई प्रज्ञा सभामा मतदानको अधिकार हुने छैन ।

ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०८०

**२७. सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेः**

ठाकुरबाबा प्रज्ञासभाले भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला वा सङ्गीत सम्बन्धी विषयमा उल्लेखनीय योगदान पऱ्याउने व्यक्तिलाई सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

**२८. प्रतिवेदन पेश गर्नु पर्नेः**

प्रज्ञा प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन नगर प्रमुख (संरक्षक) मार्फत् नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२९. शपथः**

आफ्नो कार्यभार सम्हाल्नुअघि अध्यक्षले नगर प्रमुख समक्ष र उपाध्यक्ष, प्रज्ञासभाका सदस्य र प्रज्ञासभाका सदस्य- सचिवले अध्यक्ष समक्ष अनुसूची १ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

**३०. अधिकार प्रत्यायोजनः**

(१) ठाकुरबाबा नगर प्रज्ञासभाले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार ठाकुरबाबा प्रज्ञापरिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) ठाकुरबाबा नगर प्रज्ञापरिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष वा ठाकुरबाबा प्रज्ञासभाको सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार उपाध्यक्ष वा प्रज्ञासभाको सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(४) उपाध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार ठाकुरबाबा प्रज्ञासभाको सदस्य वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३१. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न ठाकुरबाबा नगरपालिकाले प्रज्ञा प्रतिष्ठानसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ ।

ठाकुरबाबा नगर प्रज्ञा ऐन, २०८०

## अनुसूची-१
## दफा २९ संग सम्बन्धित

म सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठानको ..................... (पद) नाताले म .............................. लाई दिएको जिम्मेवारी इमान्दारी पूर्वक पूरा गर्नेछु । भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान तथा प्रविधिको सृजना, संरक्षण, सम्बर्द्धन, संकलन र श्रीवृद्धिका लागि तन, मन र वचनले दत्तचित्त भई कुनै भेदभाव, लोभलालच तथा मोलाहिजा नगरी कसैको प्रभावमा नपरी आफ्नो क्षेत्रमा देश र जनताको सेवाका लागि आफ्नो अमूल्य समय र शक्ति समर्पित गर्नेछु।

नाम थर :
पद :
दस्तखत :
मिति :

आज्ञाले
रामहरि रिजाल
प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०८०